रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, पुष २९ गते, २०७८ साल संख्या १९

## भाग-२

## मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०९/२९**

**प्रस्तावना :** रामग्राम नगरपालिकामा कृषि क्षेत्रमा महत्वपुर्ण स्थान ओगटेको मत्स्यपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ एंव गुणस्तरिय मत्स्य उत्पादन आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सृजनाका लागि नगर सभाले ताके अनुसारको कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न रामग्राम नगरपालिका नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यस कार्यविधिको नाम मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि रामग्राम नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषा :**

क) “नगरपालिका” भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले रामग्राम नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ ।

ग) “महाशाखा” भन्नाले आर्थिक विकास महाशाखा सम्झनु पर्दछ ।

घ) “शाखा” भन्नाले पशुपन्छी विकास शाखा सम्झनु पर्दछ ।

ङ) “कृषक” भन्नाले रामग्राम नगरपालिका क्षेत्रका मत्स्यपालक कृषक सम्झनु पर्दछ ।

च) “कार्यविधि” भन्नाले मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

छ)“अनुदान” कार्यक्रम भन्नाले रामग्राम नगरपालिकाबाट पशुपन्छी विकास शाखा मार्फत अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

ज) "लागत सहभागिता" भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनु पर्दछ ।
झ) "पोखरी" भन्नाले मत्स्यपालनका लागि प्रयोग हुने व्यवस्थित खाडल भन्ने सम्झनु पर्दछ ।
ञ) "फार्म" भन्नाले मत्स्यपालन गरेको स्थान र संरचना भन्ने सम्झनु पर्दछ ।
ट) "विपन्न वर्ग" भन्नाले न्यून आय स्रोत भएका लक्षित वर्ग भन्ने सम्झनु पर्दछ ।
ठ) "कार्यालय" भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्दछ ।
ड) "वडा" भन्नाले रामग्राम नगरपालिका कार्यालयका वडाहरु सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्धेश्य

**३) कार्यविधिको उद्धेश्य :**

क) नगरपालिकाबाट सञ्चालन हुने मत्स्य विकास तथा प्रवर्द्धन सम्वन्धी कार्यक्रम प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।
ख) मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने ।
ग) मत्स्य पालन व्यवसायलाई दिगो,मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।
घ) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निस्पक्ष र पारदर्शी बनाउने ।
ङ) सेवा प्रवाहको प्रकृयालाई सरल र प्रणालीयुक्त बनाउने ।
च) मत्स्य पालनको क्षेत्र विस्तार गरि नगरलाई पौष्टिक आहाराको उपलव्धतामा वृद्धि गरि आयातलाई न्यूनिकरण र निर्यात गरी खाद्य पोषण सुरक्षामा टेवा पुर्याउने ।
छ) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।
ज) मत्स्य उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**४) नयाँ पोखरी निर्माण कार्यक्रम :**

क) कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक/निजी व्यवसायी/समुह/समिति/सहकारीलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयले १५ दिनको सूचना प्रकाशन गरिनेछ ।
ख) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमका कागजातहरु र अनुसूची-४ बमोजिमको कार्ययोजना सहितको प्रस्ताव नगरकार्यपालिकाको कार्यालय वा सूचनामा तोकेको वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।
ग) कार्ययोजना सहितको पेश भई आएका प्रस्तावहरुलाई मुल्याङ्कन तथा सिफारिस समितिले अनुसूची-५ बमोजिम प्रस्ताव र स्थलगत मूल्याङ्कन गरी स्वीकृतका लागि प्राथमिकता क्रममा सिफारिस गर्नेछ ।
घ) मूल्याङ्कन समितिबाट सिफारिस भइ आएको अनुदानग्राहीको नाम स्वीकृतका लागि प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखबाट स्वीकृत हुनेछ ।
ङ) छनौट भएका अनुदानग्राहीसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।
च) कार्यालयको प्राविधिकको समन्वय, सुपरीवेक्षण तथा निर्देशनमा लेआउट तथा डिजाइन अनुसार नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।

छ) छनौट प्रक्रियाका आधारहरु :

१. ३ कठ्ठा भन्दा माथि जलाशय कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।

२. पानीको स्थायी स्रोतका लागी बोरिंङ वा खोलो/कुलो/नहरको व्यवस्था भएको हुनुपर्नेछ ।

३. वातावरणीय अनुकुलता र उपयुक्तता तथा सधियारलाई असर नपार्ने भनी प्रमाणित सहित वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।

४. नयाँ निर्माण गरिने पोखरीको स्वामित्व आफनै हुनुपर्ने वा भाडामा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्नेछ ।

५. सडक, बिजुलीबत्तीको सुविधा भएको हुनुपर्नेछ ।

ज) खर्चको मापदण्ड:

१.यस कार्यक्रम अर्न्तगत स्वीकृत कार्ययोजना बमोजिम नयाँ पोखरी निर्माण गर्न प्रति कठ्ठा अधिकतम रु १०,०००।-अक्षरुपी दश हजार वा कुल लागतको ५० प्रतिशत मध्ये कम हुन आउने रकम मात्र उपलब्ध गराइनेछ ।

२. कार्य सम्पन्न पश्चात कार्य प्रगति,सम्झौता तथा आवश्यक बिल भरपाईका आधारमा कार्यालयले बैङ्क खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

**५) विपन्न वर्गलाई साना पोखरी निर्माण तथा भुर्रा वितरण :**

क) कार्यक्रममा सहभागी हुन चाहने इच्छुक साना कृषकलाई लक्षित गरी अनुसुचि-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ ।

ख) समय भित्र प्राप्त भएका प्रस्तावको स्थलगत अनुगमन गराई कार्यक्रम सञ्चालन गर्ने साना कृषकहरु छनौट गरी सम्झौता गरिनेछ ।

ग) सम्झौता भएका अनुदानग्राहीले मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

घ) साना पोखरीको निर्माण कृषकको जग्गाको क्षेत्रफल र अवस्थाका आधारमा कार्यालयले उपलब्ध गराएको लेआउट तथा डिजाइन बमोजिमको हुनेछ ।

ङ) स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रही साना पोखरीको निर्माणको लागि छनौट भएका सबै अनुदानग्राहीहरु र अनुदानमा भुर्रा प्राप्त गर्न प्रस्ताव पेश गरेको साना कृषकलाई समेत अनुदानमा मत्स्यबिज उपलब्ध गराउन सकिनेछ ।

च) ५ कठ्ठा भन्दा कम जग्गा भएको,परिवारको कुनै पनि सदस्य सरकारी वा निजी संस्थामा रोजगारी नभएको,सीमान्तकृत तथा आर्थिक पक्ष कमजोर भएका वर्ग दलित जनजाति र एकल महिलालाई प्राथमिकता दिइनेछ । उल्लेखित व्यहोरा प्रमाणित सहित वडा कार्यालयको सिफारिस समावेश गर्नुपर्नेछ ।

छ) छनौट प्रकृयाका आधारहरु

१. पानीको स्थायी स्रोतका लागी बोरिंग वा खोलो/कुलो/नहरको व्यवस्था भएको हुनुपर्नेछ ।

२. पोखरी निर्माणको लागि वातावरणीय अनुकुलता र लाभान्वित वर्गमा पर्ने भनी प्रमाणित सहितको वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।

३. नयाँ निर्माण गरिने पोखरीको स्वामित्व आफ्नै वा भाडामा भए कम्तिमा ५ बर्षको सम्झौता भएको हुनुपर्नेछ ।

४. सडक,बिजुलीबत्तीको सुविधा भएको हुनुपर्नेछ ।

५. सीमान्तकृत तथा आर्थिक पक्ष कमजोर भएका वर्गलाई प्राथमिकता दिइनेछ ।

ज) खर्चको मापदण्ड

१. साना पोखरी निर्माणको लागि छनौट भएका कृषकलाई कार्य सम्पन्न पश्चात एकमुष्ठ अधिकतम रु. २५,०००। वा कुल लागतको ५०% मध्ये कम हुन आउने रकम उपलब्ध गराइनेछ। सो भन्दा बढी कृषक स्वमंले व्यहोर्नुपर्नेछ।

२. पोखरीको क्षेत्रफलका आधारमा शत प्रतिशत अनुदानमा माछा भुरा उपलब्ध गराइनेछ।

३. निर्माण गरिने पोखरीको जलासयको क्षेत्रफल कम्तिमा २०० वर्गमिटर हुनुपर्नेछ।

४. कार्य सम्पन्न पश्चात कार्य प्रगति,सम्झौता तथा आवश्यक बिल भरपाईका आधारमा कार्यालयले बैङ्क खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ।

५. फर्म दर्ता नभएको अवस्थामा अनुदान ग्राहीको व्यक्तिगत प्यान नं.को आधारमा भुक्तानी गरिनेछ।

**६) माछा दाना तथा माछा भुरा वितरण कार्यक्रम :**

क) माछा पालक कृषकलाई उत्पादन र लागत रकममा सहजीकरण गर्न नगर सभाले गरेको स्वीकृत बजेटको परिधिभित्र रहि ५० प्रतिशत अनुदानमा माछा दाना तथा माछा भुरा शाखा मार्फत वितरण गर्नेछ।

ख) कार्यक्रम सञ्चालनका लागि वितरण कार्यलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि सार्वजनिक सूचना मार्फत माग संकलन शाखाले गर्नेछ।

ग) कृषकले जलासय रहेको क्षेत्रफलका आधारमा सूचनामा माग गरेका कागजात तथा विवरण संलग्न राखी तोकिएको कार्यालय/वडामा माग निवेदन पेश गरे पश्चात शाखाले सो को मूल्याङ्कन गरि सामग्री खरिद पश्चात वितरण गर्नेछ।

## परिच्छेद ४
## अनुगमन र मूल्याङ्कन

**७) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :**

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखको स्वीकृत बमोजिम कार्यक्रम मूल्याङ्कन समिति रहनेछ।

ख) मूल्याङ्कन समितिले अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखबाट स्वीकृत पश्चात वितरण गरिनेछ।

ग) माछा भूरा तथा दाना वितरणका लागि कृषकको माग बमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ।

ङ) मूल्याङ्कन र अनुगमन समितिको सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ५
## विविध

**८) विविध :**

क) मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा थपघट,हेरफेर तथा बाधा फुकाउन आवश्यक भएमा नगर कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ बाझिएको हदमा प्रदेश र संघीय कानुन बमोजिम हुनेछ ।

## अनुसूची १
## प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**प्रथम पटक सूचना प्रकाशित मितिः..................**

यस रामग्राम नगरपालिकाको चालु आ.व.......... मा मत्स्य विकास कार्यक्रम अर्न्तगत तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न लागेकाले लागत साझेदारीमा कार्य गर्न इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्म वा कम्पनीहरुले ......... दिन भित्र तपसिल बमोजिमका कागजात सहित रामग्राम नगरपालिका पशु सेवा शाखामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी पेश हुन आएका निवेदनहरु छनौटका लागि समावेश गरिनेछैन ।

तपसिल :

| क्र.स. | कार्यक्रमको नाम | न्यूनतम जग्गाको (जलाशयको) क्षेत्रफल | अनुदान रकम |
|---|---|---|---|
| | | | |
| | | | |

पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१.निवेदन र कार्यक्रमको प्रस्तावना

२.निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३.कार्यसमितिको निर्णयको प्रतिलिपी( कृषक समुह,कृषि सहकारीको हकमा) ।

४. दर्ता नविकरण,स्थायी लेखा नं. र गत आ.व.को करचुक्ताको प्रमाणपत्र प्रतिलिपी (व्यवसाय दर्ताको हकमा) ।

५. ............प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

६.जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडामा भए कम्तिमा ........ वर्षको सम्झौतानामा ।

७. कार्यक्रम अनुसार व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस पत्र । (नया पोखरी निर्माणको हकमा) ।

८. जग्गाको तिरो (कर) तिरेको रसिदको प्रतिलिपी । (नया पोखरी निर्माणको हकमा) ।

## अनुसूची २

## निवेदनको ढाँचा

श्रीमान् शाखा/महाशाखा प्रमुख ज्यू

.......................................

.............................. ।

बिषय : निवेदन पेश गरेको सम्बन्धमा ।

उपयुक्त विषयमा तहा कार्यालयको मिति...................को .......................सूचना अनसार म हामी निवेदकले ..............................कार्यक्रममा लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकाले नियमानुसार कार्यक्रममा सहभागि गराईदिनुहुनका लागि सूचनामा माग गरे बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु ।

निवेदकको :

नाम :

ठेगाना :

फर्मको नाम :

दस्तखत :

मिति :

सम्पर्क नं. :

## अनुसूची ३

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरू</u>

१.निवेदन र कार्यक्रमको प्रस्तावना

२.निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३.कार्यसमितिको निर्णयको प्रतिलिपी( कृषक समुह,कृषि सहकारीको हकमा) ।

४. दर्ता नविकरण,स्थायी लेखा नं. र गत आ.व.को करचुक्ताको प्रमाणपत्र प्रतिलिपी (व्यवसाय दर्ताको हकमा) ।

५. ............प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

६.जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडामा भए कम्तिमा ...... वर्षको सम्झौता नामा ।

७. कार्यक्रम अनुसारको व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस पत्र । (नया पोखरी निर्माणको हकमा)

८. पोखरी निर्माणको लागि डिजाइन र लागत अनुमान ।

९. जग्गाको तिरो (कर) तिरेको रसिदको प्रतिलिपी । (नया पोखरी निर्माणको हकमा) ।

## अनुसूची ४
## कार्यक्रम प्रस्तावनाको ढाँचा

कार्यक्रमको नाम :..........................
ठेगाना :.......................................
फर्मको नाम :.................................
सञ्चालकको नाम :..............................
सम्पर्क नं. :....................................
१. व्यवसायको परिचय :
२. उदेश्य :
३. मत्स्यपालन व्यवसायको अनुभव तथा तालिम :
४.व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त परिचय :
५ं कार्यक्रम सञ्चालनका लागि रहेको पूर्वाधार :
६. जग्गाको क्षेत्रफल :
७.शैक्षिक योग्यता :
८. लगानीको श्रोत :
९. प्रस्तावित कार्य विवरण

| क.स. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु. | निजी रु. | अन्य निकायबाट रु. | जम्मा लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता :
११. उत्पादित वस्तुको बजार योजना :
१२. रोजगारी सिर्जना :
१३. लाभ लागत अनुमान :
१४. प्राविधिक सेवाको सुनिश्चितता :

कार्ययोजना पेश गर्ने:
फर्मको नाम :..................................................
सञ्चालक/कृषकको नाम :.................................
स्थायी ठेगाना जिल्ला : नवलपरासी(ब.सु.प) न.पा .: रामग्राम वडा नं. ....... टोलः...................
फर्म सञ्चालन गरिने स्थान :.......................................
फर्म/कृषकको तर्फबाट सही गर्नेको
दस्तखत :
दा. बा.

## अनुसूची ५

## माछा पोखरी निर्माणका लागि मुल्याङ्कन फारम

प्रस्तावकको नाम :

प्रस्तावकको ठेगाना :

३. कार्यक्रमको नाम:

४. मुल्यांकनका आधारहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति छ ।छैन

ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना छ ।छैन

ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र छ ।छैन

घ) स्थानिय तह । आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी छ ।छैन

ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी छ ।छैन

च) लागत साझेदारी गर्ने प्रतिवद्धता छ ।छैन

छ) वडा कार्यालयको सिफारिस छ ।छैन

ज) सूचनामा माग भएका अन्य कागजातहरु छ ।छैन

| क.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था | २० | | |
| २ | व्यवसाय व्यवस्थापनको वस्था र संवाहक | १० | | |
| ३ | प्राविधिक रुपमा उपयूक्त र स्थान अवस्थिति | १० | | |
| ४ | रोजगारीको अवस्था | ५ | | |
| ४.१ | कम्तिमा ३ जना भए | ३ | | |
| ४.२ | सो भन्दा बढी भए | ५ | | |
| ५ | वातावरणीय । सामाजिक प्रभाव | ५ | | |
| ६ | उत्पादित बस्तूको बजार योजना | ५ | | |
| ७ | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हून सक्ने सम्भावना | १५ | | |
| ८ | कार्ययोजनाको अवस्था | ५ | | |
| ९ | सम्वन्धित विषयमा अध्ययन र तालिम | ५ | | |
| १० | जग्गाको स्वामित्व | १० | | |
| १०.१ | निजी | १० | | |
| १०.२ | भाडामा | ८ | | |
| ११ | समावेशिता | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | अन्य वस्तूगत अवस्था | ५ | | |
| | जम्मा | १०० | | |

स्थलगत अनूगमनमा भेटिएका अन्य थप विवरण :

क)

| क.स. | पद | नाम | राय | | | |
|---|---|---|---|---|---|---|
| | | | हून्छ | हूदैन | सूधार सहित हून्छ | दस्तखत |
| १ | | | | | | |
| २ | | | | | | |

## अनुसूची ६
### सम्झौता पत्र

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय परासी नवलपरासी(ब.सु.प.) आ.व........ मा सञ्चालन हुने ................ कार्यक्रमको लागि रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय परासी,नवलपरासी(ब.सु.प.) (यस पछि प्रथम पक्ष भनिने) र अनुदानका लागि छनौट भएका कृषक.........................................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरु :

१. प्रथम पक्षको लागत साझेदारमा ................. कार्यक्रमको लागि प्रति कठ्ठा रकम ........अक्षरुपी .........का दरले.........कठ्ठाको कूल रकम रु.....................अक्षरुपी..................................... वा बिल रकमको ............ प्रतिशतले हुन आउने रकम मध्ये कम हुन आउने रकम दोस्रो पक्षलाई सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाकी रकमको व्यवस्था गरी जिल्ला नवलपरासी(ब.सु.प.) रामग्राम नगरपालिका वडा नं.........मा ................ भित्र सम्पन्न गरि सो को बिल भरपाई पेश गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र इष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तरको कायम राखि सम्पन्न गर्नेछ ।

४.कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्वन्धी प्राविधिक कार्यहरुमा नगरपालिकाले सहजीकरण गर्नेछ र जग्गाको व्यवस्था,निर्माण तथा अन्य व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भरपाई र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात नियमानुसार दोस्रो पक्षको बैङक खाता मार्फत एकमुष्ठ भुक्तानी दिईनेछ ।

६. प्रथम पक्षको कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. द्धिपक्षीय सम्झौता मुताविक काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ । त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाकी सरह असुल उपर कार्य प्रकृया अगाडी बढाइनेछ ।

१०. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेका स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन,इष्टिमेट प्रथम पक्षसगँ स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुनेछैन ।

११. नियमानुसारको कर दोस्रो पक्षबाट कट्टी गरि भुक्तानी गरिनेछ ।

१२. रकम भुक्तानीका क्रममा दोस्रो पक्षले निर्माण गर्ने पोखरी मापदण्ड बमोजिम कम्तिमा ....... जलासयको क्षेत्रफल नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रकम भुक्तानी गर्नेछैन ।

१३. दोस्रो पक्षले निर्माण गर्ने पोखरी प्रथम पक्षले निर्धारण गरेको क्षेत्रफल र .........भन्दा बढी रकम भुक्तानी गर्नेछैन ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको प्रस्तावना र लागत स्टीमेट बमोजिमको क्षेत्रफलका आधारमा प्रतिकठ्ठा ..............भन्दा बढी रकम भुक्तानी गर्नेछैन । दोस्रो पक्षले सम्झौता भन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरेमा प्रथम पक्षले अनुदान रकम थप गर्नेछैन ।

१५. यस सम्झौतामा कुनै विवाद भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ ।

१६. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१७.प्रथम पक्ष र दोस्रोपक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन ।

प्रथम पक्षले व्यहोर्ने लागत रु.............

दोस्रो पक्षले व्यहोर्ने लागत रु.............
अन्य श्रोतबाट प्राप्त लागत रु.............
प्रस्तावनाको कुल लागत रु...........

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यलयको छापः | छापः |

<u>रोहवर</u>

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

इति सम्वत्.................साल...........महिना......गते रोज.......शुभम् ।

प्रमाणीकरण मितिः २०७८/०९/२९

आज्ञाले
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत